# यशोधरा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०८२/०८३

चलानी नम्वर :- १८०० मिति- २०८३/०२/४

यशोधरा गाँउकार्यपालिकाको कार्यालय
बैदौली , कपिलवस्तु अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु

विषय - जानकारी तथा सहयोग सम्बन्धमा।

प्रस्तुत विषयमा अपाङ्ग समाज सुधार केन्द्र, दाङको पत्र सख्या २०८२/०८३,मिति २०८३/१/२० गतेको प्रास पत्रानुसार सम्पूर्ण स्थानीय तहहरुमा भएका अपाङ्गता व्यक्तिहरुले प्रयोग गरिरहेका सहायक सामग्रीहरु (ह्विवेलचियर ,वैशाखी) आदि मर्मत सम्भार गर्नुपर्ने भएमा अपाङ्ग समाज सुधार केन्द्रको कार्यालयमा उपलब्ध गराई वा सम्पर्क गराई सहयोग गरिदिनुहुन जानकारीको लागि अनुरोध छ ।

सम्पर्क नम्बर - ०८२-५२३१४१, ९८५७८४३१४१ Email dswcenter@gmail.com

निरन्जन कुमार तिवारी
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ-
श्री सुचना प्रविधि शाखा - कार्यालयको Website र Facebook पेजमा अपलोड गर्नुहुन।

पत्र सं. [illegible]

# अपाङ्ग समाज सुधार केन्द्र

**Disabled Society Reform Center**

२०८३/०१/२०

श्री कार्यालय प्रमुख ज्यू
प्रमुख प्रशासकीय अधिकृत
स्थानीय तह (सबै), लुम्बिनी प्रदेश ।

**विषय: जानकारी तथा सहयोग सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस अपाङ्ग समाज सुधार केन्द्र, दाङ, तुलसीपुर २०६७ सालमा स्थापना भई हालसम्म अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा निरन्तर क्रियाशील रहेको व्यहोरा अवगत गराउन चाहन्छौं । यस केन्द्रले अपाङ्गता भएका व्यक्तिहरूका लागि अति आवश्यक पर्ने सहायक सामग्री, शैक्षिक सामग्री, कृत्रिम हात-खुट्टा, विशेष जुत्ता वितरणका साथै अभिमुखीकरण एवं सिलाई-कटाई जस्ता सीपमूलक तालिमहरू प्रदान गर्दै आइरहेको छ ।

साथै, अति अशक्त शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यलाई ध्यानमा राखी २०७८ सालदेखि यस केन्द्रले निःशुल्क फिजियोथेरापी सेवा समेत सञ्चालन गर्दै आइरहेको छ। यस सेवाबाट हालसम्म ४३५ जना बिरामीहरूले लाभ उठाइसकेका छन ।

अतः शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गरिरहेका सहायक सामग्रीहरू (ह्विलचेयर, वैशाखी आदि) मर्मत गर्नुपर्ने भएमा यस अपाङ्ग समाज सुधार केन्द्रको कार्यालयमा उपलब्ध गराई वा सम्पर्क गराई सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

<u>नोट:</u> अशक्तहरुका लागि निःशुल्क फिजियो थेरापी खाना बस्न सहित सञ्चालन भईरहेको छ ।

**बोधार्थ:**
लुम्बिनी प्रदेशका स्थानीय तह (सबै): आवश्यक समन्वय तथा जानकारीका लागि ।
श्री प्रमुख/अध्यक्ष ज्यू: सम्बन्धित सबै स्थानीय तह ।
श्री उप-प्रमुख/उपाध्यक्ष ज्यू: सम्बन्धित सबै स्थानीय तह ।

यशोधरा गाउँपालिका
बैदौली, कपिलवस्तु
दर्ता नं. ......
मिति ......

दर्ता नं ५१२८
मिति २०८३/०२/१

हुमकान्त कंडेल
(अध्यक्ष)

Contact No 082-521141 98578-31141 Email dswcenter@gmail.com